// भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या ६

## भाग १

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेऱ्हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### सम्वत् २०८० सालको निर्देशिका

## भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको (पहिलो संशोधन) निर्देशिका, २०७९

भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको तेऱ्हौं नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम "भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको (पहिलो संशोधन) निर्देशिका २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ (यसपछि मूल ऐन भनिएको छ) को बुंदा नं. २.३. मा रहेको "यस निर्देशिका अनुसार दिइने शैक्षिक ऋण एस.ई.ई. वा सो तह भन्दा माथि शैक्षिक तहलाई मात्र दिइनेछ" भन्ने वाक्यांशको सट्टा "यस निर्देशिका अनुसार दिइने शैक्षिक ऋण एस.ई.ई. परीक्षा पछि अध्ययन गरिने डिप्लोमा तहको प्राविधिक विषयको अध्ययन वा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक तहको अध्ययनलाई मात्र दिइनेछ" भन्ने वाक्यांश राखिएको छ ।

**आज्ञाले**
**(राम गोविन्द श्रेष्ठ)**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।३० गते**

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८